# मरिण गाउँपालिका

## आ.व. २०७९/०८० को

# वार्षिक समीक्षा प्रगति प्रतिवेदन

मरिण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली

# मरिण गाउँपालिका

## आ.व. ०७९।८०

## वार्षिक समीक्षा प्रगति प्रतिवेदन

१) स्थानीय तहको नामः- मरिण गाउँपालिका

२) आ.व.२०७९/०८० को नीति, कार्यक्रम तथा वजेट स्वीकृतिका लागि गाउँ सभा सम्पन्न मितिः २०७९/०३/०७

३) आ.व.२०८०/०८१ को नीति, कार्यक्रम तथा वजेट स्वीकृतिका लागि गाउँ सभा सम्पन्न मितिः- २०८०/०३/२५

४) आ.व.२०७९/०८० को नीति, कार्यक्रम ,तथा वजेटको लक्ष्य र प्रगति सम्वन्धी विवरणहरुः-

५) आ.व.२०७९/०८० को वित्तीय प्रगतिः- ८३.५५ प्रतिशत

६) आ.व.२०७९/०८० को भौतिक प्रगतिः- ९० प्रतिशत (पुँजीगत)

७) आ.व.२०७९/०८० को आय/व्यय र भौतिक प्रगतिको विवरणः-

क. आय तर्फ

| सि.नं. | शीर्षक | प्रस्तावित आय (रु.) | यथार्थ आय (रु.) |
|---|---|---|---|
| १ | राजस्व बाँडफाड (संघ/प्रदेश) | १४,०१,५८,००० | ११,२६,२२,१२०.४५ |
| २ | वित्तीय समानीकरण अनुदान (संघ/प्रदेश) | १२,०१,२०,००० | ११,१८,५६,९०० |
| ३ | ससर्त अनुदान (संघ/प्रदेश) | २५,२२,०६,००० | २५,२२,०६,००० |
| ४ | समपुरक (संघ/प्रदेश ) | ३,०५,७०,००० | ३,०५,७०,००० |
| ५ | विशेष अनुदान (संघ) | १,५०,००,००० | १,५०,००,००० |
| ६ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ० | ० |
| ७ | प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम | ० | ० |
| ८ | आन्तरिक आय | १०,१०,६१,८०० | ७,४७,०७,७५०.१२ |
| ९ | जि.स.स. मौज्दात साझेदारी कार्यक्रम | ० | ० |
| कुल जम्मा | | ६५,९१,१५,८०० | ५९,६९,६२,७७०.५७ |

ख. व्यय तर्फ

| सि.नं. | शीर्षक | प्रस्तावित व्यय (रु.) | यथार्थ व्यय (रु.) | खर्च प्रतिशत (%) |
|---|---|---|---|---|
| १ | राजस्व बाँडफाड (संघ/प्रदेश) | १४,०१,५८,००० | १०,७५,५५,३३९.८१ | ७६.७३ |
| २ | वित्तीय समानीकरण अनुदान (संघ/प्रदेश) | १२,०१,२०,००० | १०,०६,३५,४७४.२७ | ८३.७७ |
| ३ | सशर्त अनुदान (संघ/प्रदेश) | २५,२२,०६,००० | २३,०७,५८,२६३.८४ | ९१.४९ |
| ४ | समपुरक (संघ/प्रदेश ) | ३,०५,७०,००० | २,७३,४९,१०९.६५ | ८९.४६ |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ५ | विशेष अनुदान (संघ) | १.५०.००.००० | १.०६.०६.८७४.१६ | ७०.७१ |
| ६ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ० | ० | ० |
| ७ | प्रदेश पूर्वाधार विकास. साझेदारी कार्यक्रम | ० | ० | ० |
| ८ | आन्तरिक आय | १०.१०.६१.८०० | ७.३७.९८.२८७.८७ | ७३.०२ |
| ९ | जि.स.स. मौज्दात साझेदारी कार्यक्रम | ० | ० | ० |
| १० | प्रकोप व्यवस्थापन कोष खाता | १२.५४.००८.४९ | ९.८५.८००.८७ | ७८.६१ |
| कुल जम्मा | | ६५.९१.१५.८०० | ५५,०७,०३,३४९.६० | ८३.५५ |

ग. आ.व. २०७९/०८० को कुल आय र विकास तथा प्रशासनिक खर्च विवरण

| सि.नं. | आयका मुख्य शीर्षकहरु | कुल आय (रु.) | चालु खर्च (रु.) | पुँजीगत खर्च (रु.) |
|---|---|---|---|---|
| १ | राजस्व बाँडफाड (संघ/प्रदेश) | १४.०१.५८.००० | ८.१४.५८.९९३.७२ | २.६०.९६.३४६.०९ |
| २ | वित्तीय समानीकरण अनुदान (संघ/प्रदेश) | १२.०१.२०.००० | २.४७.३८७ | १०.०३.८८.०८७.२७ |
| ३ | सशर्त अनुदान (संघ/प्रदेश) | २५.२२.०६.००० | २१.२९.१८.६९९.८७ | ६३.६७.५३८.३३ |
| ४ | समपुरक (संघ/प्रदेश) | ३.०५.७०.००० | ० | २.७३.४९.१०९.६५ |
| ५ | विशेष अनुदान (संघ) | १.५०.००.००० | ० | १.०६.०६.८७४.१६ |
| ५ | जि.स.स. मौज्दात (साझेदारी) | ० | ० | ० |
| ६ | आन्तरिक आय/अल्या | १०.१०.६१.८०० | ६.९७.२६.४८८.९१ | ४०.७१.७३८.९६ |
| ७ | अन्य आय | ० | ० | ० |

घ. आ.व.२०७९/०८० को लगानीका मुख्य क्षेत्रहरु

| सि.नं. | शीर्षक | प्रस्तावित व्यय (रु.) | यथार्थ खर्च (रु.) | खर्चको प्रतिशत (%) |
|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार विकास | १४,७९,२०,००० | १०,७०,११,२९५.८६ | ७२.३४ |
| १.१ | स्थानीय सडक, पुल, कल्भर्ट तथा झोलुङ्गे पुल | ५,७८,८५,००० | ४,५०,७९,०७६.६४ | ७७.८८ |
| १.१.१ | कालोपत्रे (कि.मि.) छैन | | | |
| १.१.२ | आर.सि.सि.ढलान (कि.मि.) ०.१ | | | |
| १.१.३ | स्तरोन्नति (कि.मि.) २४.७९ | | | |
| १.१.४ | नयाँ सडक निर्माण (कि.मि.) १८.३५ | | | |
| १.२ | सिंचाई नयाँ निर्माण तथा पुरानो | ७६,९५,००० | ७३,०९,२११.२५ | ९४.९९ |

ओम बहादुर दर्जी
...लेखा/प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | मर्मत | | | |
| १.३ | भवन, आवास तथा सहरी विकास | ७,८०,४०,००० | ५,०७,४२,९८४.४१ | ६५.०२ |
| १.४ | उर्जा, लघु तथा साना जल विद्युत (वैकल्पिक उर्जा समेत), विद्युत विस्तार तथा सुदृढीकरण | ३७,००,००० | ३६,८०,४४७.०३ | ९९.४७ |
| १.५ | पुनर्निर्माण | ६,००,००० | १,९९,५७६.५३ | ३३.२६ |
| **२** | **सामाजिक क्षेत्र विकास** | **२९,०७,९७,८४०** | **२५,९२,५५,६१२.६०** | **८९.१५** |
| २.१ | शिक्षा | १९,७३,४२,८४० | १७,७४,९०,२८०.८३ | ८९.९४ |
| २.२ | स्वास्थ्य | ५,४७,४४,००० | ४,७८,८८,२१८.५१ | ८७.४८ |
| २.३ | युवा तथा खेलकुद | ९५,५०,००० | ९५,१३,७०७.४५ | ९९.६२ |
| २.४ | लैंगिक विकास तथा सामाजिक समावेशीकरण | ८८,५५,००० | ६९,१९,१०३.१४ | ७८.१४ |
| २.५ | भाषा तथा संस्कृति | १८,०८,००० | १४,०१,८२४.७६ | ७७.५३ |
| २.६ | खानेपानी तथा सरसफाई | १,६३,०५,००० | १,४२,५२,०५६.९१ | ८७.४१ |
| २.७ | सामाजिक सुरक्षा तथा संरक्षण | २१,९३,००० | १७,९०,४२१ | ८१.६४ |
| **३** | **आर्थिक विकास** | **६,२६,४०,०००** | **५,१८,८७,०६०.७६** | **८२.८३** |
| ३.१ | कृषि विकास | १,५५,५०,००० | १,१३,६९,६०९..९१ | ७३.१२ |
| ३.२ | पशुपंक्षी विकास | ३,१६,९०,००० | ३,०४,७०,९०३ | ९६.१५ |
| ३.३ | सहकारी | १०,००,००० | ७,५०,००० | ७५.०० |
| ३.४ | भूमि व्यवस्था | १९,५०,००० | १९,१८,५१६ | ९८.३९ |
| ३.५ | उद्योग | ५०,५०,००० | ४६,०५,४६३.७२ | ९१.२० |
| ३.६ | पर्यटन | ७४,००,००० | २७,७२,५६८.१३ | ३७.४७ |
| **४** | **वातावरण तथा विपद व्यवस्थापन** | **१,२१,७०,०००** | **१,०६,५०,८७५.८९** | **८७.५१** |
| ४.१ | वातावरण तथा जलवायु | ७६,७०,००० | ७२,७९,३२८.४३ | ९४.९१ |
| ४.२ | विपद् व्यवस्थापन | ४५,००,००० | ३३,७१,५५०.४६ | ७४.९२ |
| **५** | **संस्थागत विकास तथा सेवा प्रवाह** | **१,९५,६२,०००** | **१,७०,३२,९१३.७६** | **८७.०७** |
| ५.१ | शान्ति तथा सुव्यवस्था | १०,००,००० | ८,००,००० | ८०.०० |
| ५.२ | कानून तथा न्याय | १७,६२,००० | १३,७३,७८६ | ७७.९७ |
| ५.३ | सूचना प्रविधि विकास | ६,५०,००० | ६,४६,२२५ | ९९.४२ |
| ५.४ | शासन प्रणाली | ३३,५०,००० | २५,३३,३४४ | ७५.६२ |
| ५.५ | तथ्याङ्क प्रणाली | १०,००,००० | ५,१९,३०० | ५१.९३ |
| ५.६ | श्रम तथा रोजगारी | १,१०,००,००० | १,०८,९९,६३१.७६ | ९९.०९ |
| ५.७ | योजना तर्जुमा र कार्यान्वयन | ८,००,००० | २,६०,६२७ | ३२.५८ |
| **६** | **कार्यालय सञ्चालन तथा प्रशासनिक** | **१२,६०,२५,९६०** | **१०,४८,६५,५८७.७३** | **८३.२१** |
| ६.१ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२,६०,२५,९६० | १०,४८,६५,५८७.७३ | ८३.२१ |
| कुल जम्मा | | ६५,९१,१५,८०० | ५५,०७,०३,३४९.६० | ८३.५५ |
| कुल प्रासिमा | | ५९,६९,६२,७७०.५७ | ५५,०७,०३,३४९.६० | ९२.२५ |
| | | ६३२३३३८०० | ५५,०७,०३,३४९.६० | ८७.०९ |

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

ङ. अध्ययन, अनुसन्धान, तथ्यांक तथा अभिलेख व्यवस्थापन सम्वन्धी प्रगति

| सि.नं. | विवरण | तयार भए/नभएको |
|---|---|---|
| १ | गाउँ/नगर प्रोफाइल | भएको |
| २ | गाउँ/नगर यातायात गुरुयोजना | भएको |
| ३ | शिक्षा क्षेत्र विकास रणनीति योजना | भएको |
| ४ | स्वास्थ्य क्षेत्र विकास रणनीति योजना | नभएको |
| ५ | कृषि विकास रणनीति योजना | भएको |
| ६ | पशु विकास रणनीति योजना | नभएको |
| ७ | पर्यटन क्षेत्र विकास रणनीति योजना | नभएको |
| ८ | वातावरण व्यवस्थापन रणनैतिक योजना | नभएको |
| ९ | विपद् व्यवस्थापन रणनैतिक योजना | भएको |
| १० | गाउँपालिकाको आवधिक य़ोजना | भएको |

च. स्थानीय सरकार संचालन ऐनमा उल्लेख भए अनुसार स्थानीय तहको अधिकार क्षेत्र भित्रका ऐन, नियम, विनियम, कार्यविधि, निर्देशिका आदिको तयारी तथा स्वीकृति सम्वन्धी प्रगति

## मरिण गाउँपालिकामा आ.व. २०७९/०८० मा जारी भएका कानूनहरुको विवरण

| | |
|---|---|
| ऐनहरु | |
| १ | अस्थायी/करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराइने सेवा सुविधा र शर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ |
| २ | मरिण गाउँपालिकाको साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने सम्वन्धी ऐन, २०७९ |
| ३ | आर्थिक ऐन, २०८० |
| ४ | विनियोजन ऐन, २०८० |
| नियमावलीहरु | |
| १ | मरिण गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ पहिलो संशोधन २०७९ |
| निर्देशिकाहरु | |
| १ | मरिण गाउँपालिकाको आर्थिक कार्य सञ्चालन निर्देशिका, २०७६ पहिलो संशोधन, २०७९ |
| २ | मरिण गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७९ |
| ३ | मरिण गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७९ |
| कार्यविधिहरु | |



ओम बहादुर दंगी
प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| १ | महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन भत्ता कार्यविधि, २०७५ पहिलो संशोधन, २०७९ |
| २ | मातृ शिशु सुरक्षा एवं संरक्षण कार्यविधि, २०७९ |
| ३ | मरिण गाउँपालिकाको एकल पुरुषलाई निर्वाह भत्ता वितरण सम्वन्धी कार्यविधि, २०७९ |
| ४ | मरिण गाउँपालिकाको शिक्षा सहजकर्ता व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ |
| ५ | नि:शुल्क स्वास्थ्य बीमा सम्बन्धी कार्यविधि,२०७८ (प्रथम संशोधन २०७९) |
| ६ | मरिण गाउँपालिकाको युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७६ (दोस्रो संशोधन २०७९) |
| ७ | मरिण गाउँपालिकाको जग्गा प्राप्ति सम्बन्धी कार्यविधि, २०७९ |
| ८ | मरिण गाउँपालिकाको मातृशिशु सुरक्षा तथा संरक्षण कार्यविधि, २०७९(प्रथम संशोधन २०७९) |
| ९ | मरिण गाउँपालिकाको स्नातक तह उत्तीर्ण गरी विवाह गर्ने किशोरी तथा अविवाहित महिलाको लागि प्रोत्साहन रकम प्रदान सम्बन्धी कार्यविधि, २०७९ |
| १० | मरिण गाउँपालिकाको कृषकहरुका लागि कृषि तथा पशुपंक्षीजन्य वस्तुको उत्पादन तथा विक्रीमा आधारित अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७९ |
| ११ | मरिण गाउँपालिका युवा/युवती उद्यमशीलता विकासका लागि बैंक बाट सहुलियत व्याजदरमा ऋण प्राप्तिका लागि सहजीकरण कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०७९ |
| १२ | व्यवसाय दर्ता, नवीकरण तथा सूचीकृत कार्यविधि, २०७९ |
| १३ | गाउँपालिका स्तरीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि, २०७९ |
| १४ | मरिण गाउँपालिकाको स्नातक तह उत्तीर्ण गरी विवाह गर्ने किशोरी तथा अविवाहित महिलाको लागि प्रोत्साहन रकम प्रदान सम्बन्धी कार्यविधि, २०७९ पहिलो संशोधन |
| १५ | मरिण गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५, दोस्रो संशोधन, २०७९ |
| १६ | मरिण गाउँपालिकाको कर्मचारी प्रोत्साहन कार्यविधि, २०७९ |
| १७ | मरिण गाउँपालिकाको विद्युतीय लिफ्ट सिँचाई तथा खानेपानी विद्युत महशुलको भुक्तानी सम्वन्धी कार्यविधि, २०७९ |
| १८ | मरिण गाउँपालिकाको कृषकहरुका लागि कृषि तथा पशुपंक्षीजन्य वस्तुको उत्पादन तथा विक्रीमा आधारित अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७९ (प्रथम संशोधन) |
| १९ | आवासीय विद्यालय छात्रावास संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७ पहिलो संशोधन, २०८० |
| २० | मरिण गाउँपालिकाको लैंगिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०८० |



प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| २१ | मरिण गाउँपालिकाको कृषकहरुका लागि कृषि तथा पशुपंक्षीजन्य वस्तुको उत्पादन तथा बिक्रीमा आधारित अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७९ (दोस्रो संशोधन) |
| २२ | मरिण गाउँपालिकाको मेलमिलाप कार्य संचालन सम्बन्धी कार्यविधि, २०७८ पहिलो संशोधन, २०८० |
| मापदण्डहरु | |
| १ | मरिण गाउँपालिकाको छात्राहरुलाई साईकल वितरण सम्बन्धी मापदण्ड, २०७९ |
| २ | मरिण गाउँपालिकाको मनोसामाजिक परामर्शकर्ता नियुक्ति सम्बन्धी मापदण्ड, २०७९ |
| ३ | मरिण गाउँपालिकाको भैंसीको गोठ सुधार सम्बन्धी मापदण्ड, २०७९ |
| ४ | मरिण गाउँपालिकाको वंगुरको खोर सुधार सम्बन्धी मापदण्ड, २०७९ |
| ५ | मरिण गाउँपालिकाको विपद् खोज, उद्धार तथा राहत वितरण सम्बन्धी मापदण्ड, २०७९ |
| ६ | मरिण गाउँपालिकाको आधारभूत तह शिक्षा उतीर्ण परीक्षा (कक्षा आठ) सञ्चालन तथा प्रमाणीकरण सम्बन्धी मापदण्ड, २०७९ |
| ७ | मरिण गाउँपालिकाको विपद् खोज, उद्धार तथा राहत वितरण सम्बन्धी मापदण्ड, २०७९(पहिलो संशोधन) |
| ८ | मरिण गाउँपालिकाको वंगुरको खोर सुधार सम्बन्धी मापदण्ड, २०७९(पहिलो संशोधन) |

छ. स्थानीय तहले भोग्नु परेका समस्या, चुनौतीं समाधानका लागि तय गरेका उपयुक्त नीति, अनुकरणीय कार्यहरु:-

१. समस्या तथा चुनौतीहरु:

(अ) सीमित श्रोत साधनको परिधी भित्र रहेर योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने बाध्यता,
(आ) आन्तरिक राजश्वको अवस्था कमजोर,
(इ) दक्ष जनशक्ति अभाव,
(ई) कमजोर एवं जोखिमयुक्त भौगोलिक अवस्थिति,
(उ) सुविधायुक्त भौतिक संरचनाको अभाव,
(ऊ) संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची कार्यान्वयनका लागि कानूनको अभाव,
(ऋ) कर्मचारीको अव्यवस्थित सरुवा प्रणाली
(ऌ) चालु खर्चको अंश अत्यधिक
(ऍ) उपभोग्य एवं अनुत्पादक क्षेत्रमा बजेटको भार बढी हुनु
(ऎ) बजेट ढिलो प्राप्ति हुनु
(ए) समयमा नै मार्गदर्शन एवं कार्यक्रम कार्यान्वयन विधि प्राप्त नुहनु
(ऐ) सशर्त अनुदान अन्तर्गत बजेट र खर्च शीर्षकमा निरन्तर फेरबदल भइरहँदा कार्यक्रम कार्यान्वयन प्रभावित



ओम बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

(ॲ) आ.व. को अन्तिममा बजेट निकासा हुने प्रवृत्तिले निरन्तरता पाइरहनु

(ऑ) निर्धारित बजेट सिलिङ भन्दा बजेटको प्राप्ति कम हुँदा योजना तथा कार्यक्रममा विनियोजित बजेट कार्यान्वयन प्रभावित

(ओ) बजेट विनियोजन, बजेटको अख्तियारी, बजेट प्राप्ति, कार्यक्रम कार्यान्वयन मार्गदर्शन एवं कार्यविधिमा तादाम्यता नहुनु

(औ) संघ, प्रदेश तथा विभिन्न सरकारी एवं गैरसरकारी संघ संस्थाहरुका कार्यक्रमहरुमा दोहोरोपनाको समस्या हुनु

२. चुनौती एवं समस्या समाधानका लागि तय गरिएका नीतिः-

१. आवश्यकता एवं प्राथमिकतामा आधारित योजना तथा कार्यक्रम छनौट र सोको कार्यान्वयन,

२. कृषि तथा पशुपालन जस्ता उत्पादनमूलक क्षेत्रमा लगानी वृद्धि गरी स्थानीय आर्थिक विकासमा टेवा,

३. कृषि तथा पशुपन्छी पालनलाई आधुनिकीकरण एवं व्यवसायीकरण गर्दै रोजगारी सिर्जना गर्ने हेतुले वृहत् कृषि तथा पशुपन्क्षी कार्यक्रम कार्यान्वयन,

४. शिक्षा र स्वास्थ्य जस्ता सामाजिक विकासका क्षेत्रहरुलाई उच्च प्राथमिकता,

५. पूर्वाधारहरुको दिगोपनाका लागि गुणस्तर कायम गर्न गराउन सोको नियमन र नियन्त्रणको व्यवस्था,

६. आन्तरिक राजश्वलाई अभिवृद्धि गर्न राजश्व सुधार योजना निर्माण र सोको कार्यान्वयन,

७.योजना तथा कार्यक्रमको प्रभावकारी रुपमा नतिजान्मुख तवरले कार्यान्वयनको लागि निरन्तर फलोअप, निरीक्षण तथा अनुगमनको व्यवस्था मिलाईएको ।

३. गाउँपालिकाले शुरुवात गरेका केही अनुकरणीय कार्यहरुः

१.कृषकहरुलाई प्रोत्साहन गर्न उत्पादन तथा विक्रीमा आधारित अनुदान प्रदान,

२.गाउँपालिकाबाट प्रदान गरिने सबै प्रकारका अनुदान, सामग्री तथा प्रविधिको सहि सदुपयोगका लागि नियमन र नियन्त्रण कार्यको शुरुवात (निरन्तर फलोअप एवं अनुगमन मार्फत् सम्भावित दुरुपयोगलाई रोक्न प्रदान गरिएको अनुदान समेत फिर्ता गराईएको)

३. बाममती प्रदेशका ११९ वटा स्थानीयं तह मध्ये अन्तिम ८ मा छनौट भई नवप्रवर्तन साझेदारी कोष अन्तर्गत रु. २ करोड १० लाख बराबरको उन्नत जातको भैंसी तथा बंगुर पालन परियोजना कार्यान्वयानार्थ नवप्रवर्तन साझेदारीकोष लागू भएका स्थानीय तह मध्ये सर्वोत्कृष्ट हुन सफल, (मुर्राक्रस भैंसीको पाडी-१७४ र उन्नत जातको बंगुरको पाठापाठी-९००)

४. बागमती प्रदेशकै अत्याधुनिक पशु बधशाला (स्लटर हाउस) निर्माण,

५. कृषि एम्बुलेन्सको व्यवस्था

६. बाख्राको बाजारीकरणलाई मध्यनजर गर्दै होल्डिङ एडको निर्माण,

७. कृषिको बजारीकरण एवं व्यवसायीकरणलाई ध्यान दिंदै कृष उपज संकलन केन्द्रको स्थापना,

९. आम उपभोक्ता एवं उपभोक्ता समितिलाई सहजीकरण गर्न रु. ३ लाख सम्मको योजना तथा कार्यक्रम वडा तहबाट नै सम्झौता गर्ने व्यवस्थाका साथै प्राविधिक लागत अनुमानको मुख्य अंशलाई नेपाली भाषामा अनुवाद,

११.आ.व. को बैशाख मसान्त भित्र ठेक्का प्रकृया बाहेकका सबै योजना तथा कर्यक्रमहरु सम्पन्न गरी हिले विकासलाई रोकिएको,

१२. बार्षिक खरिद योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन,

१३.मितव्ययिता, पारदर्शीता र जवाफदेहीतालाई अभिवृद्धि गर्न आन्तरिक नियन्त्रण प्रणाली लागू



ओम बहादुर दजी
प्रमुख प्रशासकीय अधिकृत

गरिएको,

१४. टेक्का प्रकृया मार्फत् कार्यान्वयन भएका योजनाहरूको नियमनको व्यवस्था मिलाईएको (निर्माण व्यवसायीलाई जवाफदेही बनाउन शून्य सहनशीलताको नीति अख्तियार गरी प्रशासनिक रुपमा कडाई गरिएको)

१५.स्थानीय आपतकालीन कार्यसंचालन केन्द्र (LEOC) लाई व्यवस्थित, स्रोत साधनयुक्त बनाई नगर प्रहरीको अगुवाईमा QRT को प्रभावकारी परिचालन गरिएको,

१६.आधुनिक प्रविधिको प्रयोग गरी ड्रोन मार्फत् मरिण खोला क्षेत्रमा निगरानी बढाई अनधिकृत तवरले माछा मार्ने कार्यको नियन्त्रण गरिएको,

१७.लघु उद्यमलाई प्रवर्द्धन गर्न व्यवस्थित कोशेली घरको स्थापना गरिएको,

१८. एकल पुरुषलाई निर्वाह भत्ता दिने कार्यको आरम्भ गरिएको,

१९. सहिद परिवार सम्मान कार्यक्रम अन्तर्गत रु. १ लाख नगद हस्तान्तरण कार्यको शुरुवात गरिएको,

२०. स्नातक तह उत्तीर्ण गरी विवाह गर्ने किशोरी एवं महिलाहरुलाई रु.१ लाख नगद हस्तान्तरण गरिएको,

२१. कक्षा ११ मा अध्ययनरत छात्राहरुलाई निःशुल्क साईकल वितरण गरिएको,

२२. आमाबाबु विहीन बालबालिकाहरुलाई संरक्षण तथा सहयोग गर्ने कार्यक्रम कार्यान्वयन गरिएको,

२३.गाउँ कार्यपालिकाको कार्यालयको प्रत्यक्ष संलग्नतामा हालसम्म ११ जना सडक मानवहरुलाई उद्धार गरिएको,

२४.नागरिक केन्द्रित एवं नागरिकमैत्री सेवा प्रवाहलाई मध्यनजर गर्दै मितव्ययी तवरले निःशुल्क चिया तथा सर्वतपानीको व्यवस्थापन गरी नागरिक र सेवाप्रदायक निकाय बीचमा हार्दिकता, सौहार्दता अभिवृद्धि गरिएको,

२५. जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्ति एवं नागरिकहरुको सहजताका लागि टेलिभिजनको व्यवस्था सहित सहायता कक्षको स्थापना गरिएको,

२६.नागरिकमैत्री सेवा प्रवाहलाई प्रभावकारी बनाउन एकद्वार प्रणालीबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाईएको (कर्मचारीहरु Pro-Active भइ सेवा प्रवाहमा सहजीकरण गर्ने)

२७. आर्थिक मितव्ययिता, पारदर्शिता, वित्तीय उत्तरदायित्व, वित्तीय जोखिमको अवस्था मापनको औजारको रुपमा रहेको बेरुजुको आयतनमा बागमती प्रदेशका गाउँपालिकाहरु मध्ये सबै भन्दा न्यून बेरुजु रु. ४३ लाख ७५ हजार अर्थात ०.३७% कायम गराउन सफल,

२८. असहाय, अशक्त हिंसा पीडित किशोरी तथा महिलाहरुलाई आर्थिक सहायता प्रदान,

२९. विद्यालय बसको व्यवस्था

३०. द्वन्दपीडित, एकल महिला, अपाङ्गता भएका व्यक्तिको परिवार र विपन्न नागरिकका परिवारका बालबालिकाहरुका लागि आवासीय छात्राबासको व्यवस्था,

३१. कक्षा १२ सम्मको शिक्षा निःशुल्क (विद्यार्थीले व्यहोर्नु पर्ने रकम गाउँपालिकाले विद्यालयलाई एकमुष्ठ अनुदानको रुपमा उपलब्ध गराउने)

३२. कक्षा १-८ सम्मको स्थानीय पाठ्यक्रम एवं स्रोत सामग्री तयार तथा वितरण,

३३. प्रत्येक वडामा समुदायमा आधारित बालविकास केन्द्रको स्थापना,

३४. बालकक्षा देखि १२ कक्षा सम्म अध्ययनरत द्वन्द्व पीडित र अनाथ बालबालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था,



ओम बहादुर देजी
प्रमुख प्रशासकीय अधिकृत

३५. गर्भवती महिलाहरुका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान,

३६. छोरी जन्माउने सुत्केरी महिलाहरुलाई पोषण खर्च बापत रु.५ हजार नगद हस्तान्तरण,

३७. गर्भवती महिलाहरुका लागि स्वास्थ्य संस्थामा आवतजावत सहजीकरणका लागि प्रति चेकजाँच यातायात खर्चको व्यवस्था,

३८.जेष्ठ नागरिक, अशक्त, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरुका लागि त्रैमासिक रुपमा निःशुल्क स्वास्थ्य परीक्षण शिविर संचालन एवं निःशुल्क औषधि वितरण,

३९. गर्भवती महिला, ६० बर्ष पूरा भएका तर ७० बर्ष नपुगेका जेष्ठ नागरिक, असहाय, अपाङ्गता भएका व्यक्ति, एकल महिलाहरुको निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम संचालन,

४०.आधारभूत अस्पतालबाट प्रदान गर्ने सेवाको शुरुवात,

४१. राष्ट्रिय परिचयपत्र प्राप्तिको प्रयोजनार्थ प्रत्येक वडाबाट प्रि-इन्ररोलमेन्ट फारम भर्ने कार्यको प्रभावकारी कार्यान्वयन,

४२. गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत रोजगार सेवा केन्द्रबाट श्रम स्वीकृति प्रदान गर्ने कार्यको प्रभावकारी कार्यान्वियन,

४४. घुम्ती शिविर सञ्चालन गरी बैंक मार्फत् प्रत्येक टोलटोलमा गई सामाजिक सुरक्षा भत्ता वितरण,

४५.खानेपानी, सरसफाई तथा स्वच्छता सँग सम्बन्धित WASH PIAN निर्माण र कार्यान्वयन,

४६.WASH DESK को स्थापना,

४७.स्तनपान कक्षको स्थापना,

४८.स्यानिटरी प्याडको प्रयोगलाई मध्यनजर गर्दै भेन्डिङ्ग मेशिनको व्यवस्थापन,

४९.GESI friendly कार्यालय कार्य वातावरण ।

ज. जिल्ला समन्वय समितिबाट गाउँपालिकाले राखेका अपेक्षा :-

१) जिल्ला भित्रका सबै स्थानीय तहहरुले गरेका काम कारवाहीका विषयमा विषयविज्ञ सहितको टोलीबाट स्थलगत अनुगमन गरी राय सुझाव प्रदान गर्ने,

२) स्थानीय सरकार सञ्चालन ऐनले दिएका अधिकार क्षेत्र भित्र रहि सम्पादित कार्यहरुको विषयमा जिल्ला भित्रका सबै स्थानीय तहहरु माझ एक आपसमा सहयोगी र प्रतिष्पर्धी वातावरणको निर्माण गर्ने,

३) जिल्ला भित्रका स्थानीय तहले गरेका अनुकरणीय कार्यको जानकारी लिइ अन्य स्थानीय तहहरुमा समेत लागू हुन सक्ने नसक्ने विषयमा अध्ययन गरी सिफारिस गर्ने,

**झ. स्थानीय सरकार संचालन ऐन, २०७४ को पूर्ण कार्यान्वयनका लागि संघ तथा प्रदेश सरकार समक्ष गा.पा. का तर्फबाट नीतिगत सुझावहरुः**

१) वजेट खर्च गर्ने अख्तियारीको समयमा नै कानून, कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गदर्शन उपलब्ध गराउनु पर्ने,

२) स्थानीय तहहरुसँग नियमित रुपमा समन्वय र सहकार्य हुनुपर्ने,

३) स्थानीय तहको क्षमता अभिवृद्धिमा विशेष ध्यान दिई पहल गर्नुपर्ने,

४) साझा अधिकार सूचीको कार्यान्वयनका लागि आवश्यक कानूनको निर्माण यथाशीध्र हुनुपर्ने,

५) समयमा नै वजेट पठाई कार्यान्वयमा सहजता ल्याउन भूमिका निर्वाह गर्नुपर्ने,

६) पालिकाको चासो, समस्या लगायतका समसामयिक विषयमा तत्काल प्रतिक्रिया दिई समस्या समाधानका लागि पहल गर्नुपर्ने,

७) स्थानीय तहहरुले गरेका काम कारवाहीका विषयमा अनुगमन, निरीक्षण र सुपरीवेक्षण कार्यमा तत्काल पृष्ठपोषण दिनुपर्ने,



प्रमुख प्रशासकीय अधिकृत

८) स्थानीय तहले गर्ने, गर्नुपर्ने र गरेका कार्यहरुमा समन्वय, सहकार्य र सह-अस्तित्वको भावलाई अझ प्रगाढ बनाउन पहल गर्नुपर्ने,

ञ. योजना कार्यान्वयनको अनुभवबाट प्राप्त सिकाइहरु :-

१) नागरिकको आवश्यकताको आधारमा योजना छनौट हुँदा योजनाको कार्यान्वयनमा अपनत्व अभिवृद्धिका साथसाथै दिगोपना कायम,

२) सीमित स्रोत साधनलाई अधिकतम उपयोग गर्न प्राथमिकताको आधारमा योजना कार्यान्वयन गर्नुपर्ने,

३) मागमा आधारित योजना छनौटलाई प्रोत्साहन गर्नुपर्ने,

४) स्थानीय आवश्यकताको प्राथमिकीकरण गरी योजना तथा कार्यक्रम कार्यान्वयन,

५) उपभोक्ता समितिबाट काम गराउँदा योजना प्रतिको अपनत्व हुने भएता पनि समितिलाई ड्रईङ, डिजाइन र लागत अनुमान वुझाउन कठिनाई हुँदा योजना कार्यान्वयनमा चुनौती देखा परेको,

६) दक्ष जनशक्तिको अभावले गर्दा योजनाको लक्ष्य अनुरुप कार्यान्वयनमा चुनौती देखा परेको,

७) संचार, समन्वय र सहकार्यको अभावले योजना तथा कार्यक्रमको दोहोरोपना हुन सक्ने अधिक सम्भावना रहेको,

८) उपभोक्ता समितिबाट व्यहोर्नु पर्ने लागत सहभागिता बापतको रकमको हिस्सा लाभग्राही समुदायबाट नै व्यहोर्न लगाउने विषय चुनौतीपूर्ण रहेको,

९) योजनावद्ध तवरले अगाडि नबढ्दा पहिलो र दोश्रो चौमासिक अवधिमा तोकिएको कार्य समेत अन्तिम चौमासिकमा मात्र हुने गरेको,

१०) जनप्रतिनिधिको उपस्थिति, समन्वय र सहकार्यले गर्दा योजना तथा कार्यक्रम कार्यान्वयनमा परिणाममुखी, नतिजान्मुख एवं सकारात्मक प्रभाव परेको,

विवरण तयार गर्ने कर्मचारीको
हस्ताक्षरः-
नामः- सुमन पौडेल
पदः- कम्प्युटर अपरेटर (योजना शाखा)

प्रमाणित गर्नेको
हस्ताक्षरः-
नामः- ओम बहादुर दर्जी
पदः- प्रमुख प्रशासकीय अधिकृत

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत